## सर्वोच्च अदालतको
### सूचना

सम्माननीय प्रधान न्यायाधीशज्यूबाट यस अदालतका (जगेडा) अन्चल न्यायाधीश श्री बिश्वनाथ अधिकारीलाई बागमती अन्चल अदालतको अतिरिक्त अन्चल न्यायाधीश भई काम गर्न मिति २०३०–२–१७–४ देखि खटाइएको छ ।

आज्ञाले–
पृथ्वीबहादुर सिंह
का.मु.रजिस्ट्रार

## सर्वोच्च अदालतको
### सूचना

निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी सम्माननीय प्रधान न्यायाधीशज्यूबाट मोरङ जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री रामचन्द्र मिश्रलाई बढीमा तीन महीनाको लागि सगरमाथा अन्चल अदालत भोजपुर बेन्चको रिक्त अञ्चल न्यायाधीश पदमा मिति २०३०–२–१०–४ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले–
पृथ्वीबहादुर सिंह
का.मु.रजिस्ट्रार

## सर्वोच्च अदालतको
### सूचना

निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी सम्माननीय प्रधान न्यायाधीशज्यूबाट सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्त कार्यालय उदयपुरका स.स.अ. तथा स.स.अ. श्री वेदप्रसाद बस्नेतलाई बढीमा तीन महीनाको लागि रोल्पा जिल्ला अदालतको रिक्त (रा.प. तृतीय श्रेणी) जिल्ला न्यायाधीश पदमा मिति २०३०–२–१२–६ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले–
पृथ्वीबहादुर सिंह
का.मु. रजिस्ट्रार

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

152